# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.० प्रतिशतले बढेको छ। गत वर्ष उक्त मुद्राप्रदाय १०.८ प्रतिशतले विस्तार भएको थियो। खुद आन्तरिक सम्पत्तिको विस्तार गत वर्षको तुलनामा उच्च रहेपनि मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धिदर उल्लेख्यरूपमा घटेको कारणले गर्दा विस्तृत मुद्राप्रदायको विस्तार गत वर्षको तुलनामा न्यून रहेको हो।

२. गत वर्ष ९.९ प्रतिशतले बढेको संकुचित मुद्राप्रदाय समीक्षा अवधिमा ६.४ प्रतिशतले मात्र बढेको छ। आवधिक निक्षेपको वृद्धिदर भने गत वर्षको ११.२ प्रतिशतबाट समीक्षा अवधिमा ११.८ प्रतिशतमा पुगेको छ। विप्रेषण आप्रवाहको वृद्धिदर घट्दो दरमा भए पनि परिमाण उच्च मात्रामा रहेको र सेवा क्षेत्रको विस्तारको क्रम यथावत् रहेकोले आवधिक निक्षेपमा विस्तार आएको हो।

३. समीक्षा अवधिमा विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित खुद वैदेशिक सम्पत्ति ४.९ प्रतिशत (रू.६ अर्ब ८७ करोड) ले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति १९.० प्रतिशत (रू.२० अर्ब ५० करोड) ले बढेको थियो। आर्थिक वर्षको पहिलो दश महिनाको अवधिमा निर्यात व्यापारको वृद्धि ऋणात्मक रहेको र विप्रेषण आप्रवाहको वृद्धि अघिल्लो वर्षभन्दा कम रहेको कारणले गर्दा समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धिदर कम रहन गएको हो।

### कुल आन्तरिक कर्जा

४. मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा समीक्षा अवधिमा ११.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ९.१ प्रतिशतले बढेको थियो। गैरसरकारी वित्तीय संस्थाहरू तथा गैरवित्तीय सरकारी संस्थाहरूमा अल्पकालीन लगानी तथा कर्जा प्रवाह बढेको र निजी क्षेत्रतर्फ कर्जा विस्तारमा केही सुधार आएकोले आन्तरिक कर्जाको वृद्धिदर समीक्षा अवधिमा उच्च रहेको हो।

५. आन्तरिक कर्जाका अंशहरूमध्ये नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा उच्च दरले घटेको छ। गत वर्ष सरकारमाथिको दावी १.५ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १३.४ प्रतिशतले घटेको छ। सरकारी खर्चको तुलनामा साधन परिचालन उच्च रहेको फलस्वरूप नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उल्लेख्य नगद बचत रहेको हुँदा नेपाल सरकारमाथिको खुद दावी घट्न गएको हो।

६. गैरवित्तीय सरकारी संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा ५४.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो दावी ८.० प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा गैरवित्तीय सरकारी सँस्थाहरूमध्ये नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, जनक शिक्षा सामाग्री केन्द्र र जनकपुर चुरोट कारखाना लिमिटेडले बैंकिङ्ग क्षेत्रबाट बढी कर्जा उपयोग गरेकोले उक्त क्षेत्रमाथिको दावी बढेको हो।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूले गैरबैंकिङ्ग वित्तीय संस्थाहरू मूलतः वित्त कम्पनीहरूमा अल्पकालीन लगानी बढाएका छन्। तसर्थ, अघिल्लो वर्ष ६३.३ प्रतिशतले बढेको गैरसरकारी

वित्तीय संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा उल्लेख्य अर्थात् १३५.२ प्रतिशतले बढ्न गएको छ ।


८. आन्तरिक कर्जाको मुख्य अंशको रूपमा रहेको निजी क्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष १३.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.७ प्रतिशतले बढेको छ । ब्याजदर न्यून रहेको र निजी क्षेत्रका बैंकहरूले नयाँ लगानीका क्षेत्रहरू पहिल्याई आफ्नो कर्जा व्यवसायमा विविधीकरण ल्याएका कारण निजी क्षेत्रतर्फ जाने कर्जामा विस्तार आएको हो । यदि समीक्षा अवधीमा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले गरेको रू.१६ अब २ करोड बराबरको कर्जा अपलेखनलाई समायोजन गर्ने हो भने निजी क्षेत्रतर्फ कर्जाको वृद्धिदर १०.२ प्रतिशत हुन जान्छ ।

९. खुद गैरमौद्रिक दायित्व अघिल्लो वर्ष १५.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७ प्रतिशतले बढेको छ। नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले खराबकर्जा र ब्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तब हिसाब घट्न गई गैरमौद्रिक दायित्व समीक्षा अवधिमा कम दरले बढेको हो ।

## विदेशी मुद्रा खरिद तथा बिक्री र तरलता व्यवस्थापन

१०. गत वर्षको तुलनामा समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट उच्च मात्रामा अमेरिकी डलरको खरिद गरेको छ। निजी क्षेत्रको विप्रेषण आप्रवाहको वृद्धिदर न्यून रहे पनि परिमाण उच्च रहनु र आयात व्यापारको वृद्धि अघिल्लो वर्षको तुलनामा न्यून रहेकोले वाणिज्य बैंकहरूबाट उच्च मात्रामा अमेरिकी डलरको खरिद गरिएको हो । गत वर्ष विदेशी विनिमय बजारमा भएको हस्तक्षेपमार्फत् वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ५४ करोड ८८ लाख खुद खरिद गरी रू.३९ अर्ब ६४ करोड बराबरको  तरलता प्रवाह गरेकोमा समीक्षा अवधिमा अमेरिकी डलर ७३ करोड १७ लाख खुद खरिद गरी रू. ५२ अर्ब ४६ करोड बराबरको तरलता प्रवाह भएको छ। भारतीय रूपैयाँ (भारू) सञ्चिति व्यवस्थापन गर्ने क्रममा भने समीक्षा अवधिमा भारतीय मुद्रा बजारबाट अमेरिकी डलर ६९ करोड बिक्री गरी रू ४८ अर्ब ८९ करोड बराबरको भा.रू. खरिद भएको छ। आर्थिक वर्ष २०६२/६३ को यसै अवधिमा अमेरिकी डलर ४९ करोड बिक्री गरी रू ३४ अर्ब ८८ करोड बराबरको भा.रू. खरिद भएको थियो ।


**चार्ट १: भारतीय मुद्रा बजारमा अमेरिकी डलरको बिक्री गरी खरिद गरिएको भारतीय रूपैयाँको स्थिति**



## खुलाबजार कारोवार

११. विदेशी विनिमय हस्तक्षेप तथा भा.रू. खरिद-बिक्री प्रक्रियाको समायोजनपछि बाँकी रहेको तरलतालाई खुलाबजार कारोवारमार्फत् प्रशोचन गरिएको छ। समीक्षा अवधिमा कारोवारको आधारमा बिक्री बोलकबोलबाट रू. १० अर्ब २० करोड, रिभर्स रिपो बोलकबोलमार्फत रू.१४ अर्ब ६ करोड गरी कुल रू. २४ अर्ब २६ करोड बराबरको तरलता प्रशोचन र रिपो बोलकबोलबाट रू २ अर्ब तरलता प्रवाह भई खुद रू २२ अर्ब २६ करोड तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको यसै अवधिमा बिक्री बोलकबोलबाट रू. ५ अर्ब ९७ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. ६ अर्ब ५० करोड गरी कुल रू १२ अर्ब ४७ करोड तरलता प्रशोचन भएको र खरिद बोलकबोलबाट रू.८३ करोड तथा रिपो बोलकबोलबाट रू. ४५ करोड गरी रू १ अर्ब २८ करोड तरलता प्रवाह भई खुद रू ११ अर्ब १९ करोड तरलता प्रशोचन भएको थियो ।

**चार्ट २: खुला बजार कारोवार स्थिति (पहिलो दश महिनासम्म)**




## स्थायी तरलता सुविधाको उपयोग

१२. गत वर्ष वाणिज्य बैंकहरूले रू. ८ अर्ब ३ करोड स्थायी तरलता सुविधा उपयोग गरेकोमा समीक्षा अवधिमा रू.३० अर्ब ४ करोड बराबर सो सुविधा उपयोग गरेका छन्। समीक्षा अवधिमा केही वाणिज्य बैंकहरूसँग अल्पकालीन तरलताको अभाव भएकोले यो सुविधाको उपयोग बढेको हो ।

## अल्पकालीन ब्याजदर

१३. व्यवस्थित तरलता व्यवस्थापनका कारण अल्पकालीन ब्याजदरमा समीक्षा अवधिमा ठूलो उतारचढाव आएन। उदाहरणको लागि ९१ दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर न्यूनतम १.८५ प्रतिशत देखि अधिकतम २.९९ प्रतिशतसम्म रहेको छ ।

**तालिका १ : ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर (प्रतिशतमा)**

| महिना | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैसाख | जेठ | असार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०६२/६३ | २.२६ | ३.३८ | ३.१० | २.६९ | २.२० | २.४६ | २.२० | २.६५ | २.८९ | ३.६३ | ३.३१ | ३.२५ |
| २०६३/६४ | २.९९ | २.७८ | २.५४ | २.११ | १.९८ | २.६७ | २.६० | २.३६ | १.८५ | २.४३ | | |

## धितोपत्र बजार

१४. राजनितिक परिवर्तनसँगै देशको शान्ति सुरक्षाको स्थितिमा आएको सुधारको परिणामस्वरूप नेपालको शेयर वजार Bullish Trend बाट अगाडि बढिरहेको छ। वार्षिक बिन्दुगत आधारमा नेप्से परिसूचक ३३.१ प्रतिशतले बढेर २०६४ वैशाख मसान्तमा ५१३.४५ बिन्दु पुगेको छ। यो परिसूचक २०६३ वैशाख मसान्तमा ३८५.८९ रहेको थियो।

१५. २०६३ असार ३२ लाई आधार मानी गणना गरिएको नेप्से Sensitive परिसूचक २०६४ वैशाख मसान्तमा १२८.५९ रहेको छ। यो परिसूचक २०६३ चैत मसान्तमा १२२.६९ रहेको थियो।

१६. २०६४ वैशाख मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ४७.३ प्रतिशतले वृद्धि भई रू १३८ अर्ब ४८ करोड पुगेको छ। परिणामस्वरूप २०६४ वैशाख मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १९.२ प्रतिशत पुगेको छ। यस्तो अनुपात २०६३ वैशाख मसान्तमा १४.५ प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्। जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको ८३.२ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ४.२ प्रतिशत, होटलहरूको २.२ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.६ प्रतिशत र अन्यको ९.८ प्रतिशत अंश रहेको छ।

१७. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १२.२ प्रतिशत रही २०६४ वैशाख मसान्तमा रू २१ अर्ब ३५ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो।

१८. २०६४ वैशाख मसान्तमा मासिक कारोवारको बजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.३६ प्रतिशत रहेको छ। यस्तो अनुपात २०६३ वैशाख मसान्तमा ०.४१ प्रतिशत थियो।

१९. २०६४ वैशाख मसान्तमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरूको संख्या १३१ रहेको छ। २०६३ वैशाख मसान्तमा यो संख्या १२९ रहेको थियो। हाल सूचीकृत कम्पनीहरूमध्ये ९६ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था र ५ वटा अन्य समूहमा रहेका छन्।

२०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ वैशाख मसान्तमा २९.४ रहेकोमा २०६४ वैशाख मसान्तमा ६४.४ पुगेको छ।

२१. आर्थिक वर्ष २०६३।६४ को पहिलो दश महिनामा नेपाल धितोपत्र बोर्डले १० वटा वित्तीय संस्थालाई रू. २३ करोड ७२ लाख ५० हजार बराबरको साधारण शेयर र १२ वटा वित्तीय संस्थालाई रू ८६ करोड ७२ लाख ५० हजार बराबरको अग्राधिकार शेयर निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६३।६४ को प्रथम दश महिनामा मूल्य स्थितिमा थप सुधार आई वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिमा बार्षिक उपभोक्ता मुद्रास्फीति ९.१ प्रतिशत थियो। २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव (Lag Effect) समाप्त हुनु, समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ

समूहको मूल्य वृद्धिदरमा कमी आउनु, तथा केही महिनायता अमेरिकी डलरको तुलनामा नेपाली मुद्रामा भइरहेको अधिमूल्यन (appreciation) का कारण आयातीत वस्तुको मूल्यमा कम चापपर्नु समेतका कारणहरूले गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा सुधार आएको हो ।

२३. समूहगत रूपमा, समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर ६.१ प्रतिशत रहेको छ। २०६३ वैशाखमा यस्तो वृद्धिदर ९.१ प्रतिशत थियो। यस अवधिमा मसलाको मूल्यमा २०.० प्रतिशतको उच्च वृद्धि भएको भए तापनि चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा उल्लेख्य (१६.३ प्रतिशत) गिरावट आउनु तथा दाल (११.२ प्रतिशत), चामल लगायतका खाद्यान्न (६.४ प्रतिशत), तरकारी तथा फलफूल (६.४ प्रतिशत) र पेय पदार्थ (२.३ प्रतिशत) को मूल्य गत वर्षको यसै अवधिको उच्च वृद्धिदरको तुलनामा समीक्षा अवधिमा कम दरले बढेकोले खाद्य समूहको मूल्यमा चाप कम परेको हो। गैरखाद्य वस्तु तथा सेवा समूहको मूल्यमा उल्लेख्य सुधार आई ३.० प्रतिशत मूल्य वृद्धि भएको छ। २०६३ वैशाखमा सो समूहको सूचकाङ्क ९.१ प्रतिशतले वृद्धि भएको थियो।

२४. भौगोलिक आधारमा समीक्षा गर्दा, २०६४ वैशाखमा काठमाडौ उपत्यकामा ४.४ प्रतिशत, तराईमा ५.० प्रतिशत र पहाडमा ४.० प्रतिशतको मूल्य वृद्धि भएको छ। २०६३ वैशाखमा यस्तो वृद्धिदर क्रमशः ८.० प्रतिशत, ९.५ प्रतिशत र ९.७ प्रतिशत रहेको थियो। २०६४ वैशाखको दोस्रो र तेस्रो हप्ताको चुरेभावर बन्दलगायतका अवरोधहरूको प्रभावस्वरूप समीक्षा अवधिमा अन्य क्षेत्रको तुलनामा तराई क्षेत्रको मूल्य वृद्धिदर केही उच्च रहन गएको हो।

२५. यस अवधि (२०६३ साउनदेखि २०६४ वैशाखसम्म) को औसत मुद्रास्फीतिदर (Average Inflation) ६.८ प्रतिशत रहेको छ। गत वर्ष यसै अवधिमा सो दर ७.८ प्रतिशत थियो।

२६. २०६४ वैशाखमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ५.६ प्रतिशत रहेको छ। २०६३ वैशाखमा उक्त मुद्रास्फीति ५.१ प्रतिशत थियो। यसले सर्वसाधारणको मुद्रास्फीतिकारी अपेक्षा (Inflationary Expectation) बढेको संकेत गरेको छ।

## थोक मुद्रास्फीति

२७. २०६४ वैशाखमा वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर ६.२ प्रतिशत रहेको छ। २०६३ वैशाखमा उक्त वृद्धिदर ९.३ प्रतिशत थियो। २०६३ वैशाखमा कृषिजन्य वस्तु समूहको वार्षिक विन्दुगत थोकमूल्य ११.६ प्रतिशतले वृद्धि भएकोमा २०६४ वैशाखमा यस्तो वृद्धिदर ७.५ प्रतिशत रहेको छ। प्रमुख कृषिजन्य वस्तुहरूमध्ये समीक्षा अवधिमा फलफूल तथा तरकारीको मूल्यमा १९.० प्रतिशतको उच्च वृद्धि देखिए पनि दाल (११.९ प्रतिशत), नगदेवाली (४.४ प्रतिशत) तथा खाद्यान्न (२.३ प्रतिशत) को थोकमूल्य गत वर्षको तुलनामा उल्लेख्यरूपमा कम दरले बढेको कारण कृषिजन्य वस्तु समूहको मूल्यमा कम चाप परेको हो। यसैगरी आयातीत वस्तुको थोक मूल्य गत वर्ष १०.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३.० प्रतिशतले वृद्धि भएको छ। २०६२ फागुनमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव समाप्त भइसकेको र केही महिनायता नेपाली मुद्रा अमेरिकी डलरको तुलनामा अधिमूल्यन भएको समेतले गर्दा यस उपसमूहको मूल्यमा कम चाप परेको हो। आन्तरिकरूपमा उत्पादित तयारी वस्तुको थोकमूल्य भने २०६३ वैशाखमा २.६ प्रतिशतले वृद्धि भएकोमा २०६४ वैशाखमा ८.४ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा निर्माण सामाग्री (१४.२ प्रतिशत), खाद्यजन्य वस्तु (८.९ प्रतिशत) र पेय पदार्थ तथा सूर्ति (५.६ प्रतिशत) को मूल्य गत वर्षको तुलनामा उल्लेख्यरूपमा बढेकोले यस उपसमूहको मूल्यमा चाप पर्न गएको हो।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

२८. २०६४ वैशाख महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ११.९ प्रतिशतले बढेको छ । २०६३ वैशाखमा उक्त सूचकाङ्कको वार्षिक बिन्दुगत वृद्धिदर ४.८ प्रतिशत थियो । २०६२ साउनमा भएको सरकारी कर्मचारीहरूको १०.० प्रतिशतको भत्ता वृद्धि, केही समययता औद्योगिक मजदूरहरूको ज्यालादरमा भइरहेको वृद्धि, नेपाली युवाहरूको शहरोन्मुख प्रवृति तथा वैदेशिक रोजगारीतर्फ भइरहेको आकर्षणजस्ता कारणहरूले गर्दा ग्रामिण क्षेत्रमा मजदूरहरूको आपूर्तिमा कमी आई समग्र राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अघिल्लो वर्षको तुलनामा उच्च दरले बढेको हो । यस अवधिमा तलब सूचकाङ्कमा ६.२ प्रतिशत तथा ज्यालादर सूचकाङ्कमा १३.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यी सूचकाङ्कहरूको वृद्धिदर क्रमशः ०.४ प्रतिशत र ६.५ प्रतिशत रहेको थियो ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२९. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनाको अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १२.६ प्रतिशतले वृद्धि भई २०६४ वैशाख मसान्तसम्म रू ७९ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्ष कुल सरकारी खर्च १५.१ प्रतिशतले बढेको थियो । मुलुकमा पूँजीगत खर्च अपेक्षितरूपमा बढ्न नसकेको र साँवा भुक्तानीबापतको खर्च घटेकाले कुल सरकारी खर्चको वृद्धिदर अघिल्लो वर्षको भन्दा कम रहेको हो ।

३०. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनासम्म नेपाल सरकारको चालू खर्च अघिल्लो वर्षको ८.४ प्रतिशत वृद्धिको तुलनामा १३.६ प्रतिशतले वृद्धि भई २०६४ वैशाख मसान्तसम्म रू. ५३ अर्ब १५ करोड पुगेको छ। सरकारी कर्मचारीको भत्तामा वृद्धि, माओवादी सैन्य व्यवस्थापन, विस्तारित संसद् व्यवस्थापन, प्रहरी चौकी पुनस्थापना, द्वन्द्वको क्षतिपूर्ति लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चको वृद्धि दर उच्च रहेको हो ।

३१. पूँजीगत खर्च भने अघिल्लो वर्ष ३५.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३५.० प्रतिशतले वृद्धि भई २०६४ वैशाख मसान्तसम्म रू. १५ अर्ब १ करोड पुगेको छ। स्थानीय निकायहरू जनप्रतिनिधिविहीन रहनु, तराई क्षेत्रमा तनाव बढ्नु, कतिपय आयोजनाहरूको कार्यान्वयन प्रक्रिया सुस्त रहनु, विद्युत् आपूर्तिमा नियमितता नहुनु जस्ता कारणले पूँजीगत खर्चको वृद्धिदर कम भएको हो ।

३२. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनामा कुल सरकारी खर्चमा चालू खर्च, पूँजीगत खर्च र साँवा भुक्तानीको अनुपात क्रमशः ६७.२ प्रतिशत, १९.० प्रतिशत र ११.२ प्रतिशत रहेको छ। बाँकी २.६ प्रतिशत फ्रीज खाताको रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा ती अनुपातहरू क्रमशः ६६.६ प्रतिशत, १५.८ प्रतिशत, १४.३ प्रतिशत र ३.३ प्रतिशत रहेका थिए । कुल सरकारी खर्चमा पूँजीगत खर्चको अंश निकै न्यून भए पनि यो अंश क्रमशः बढिरहेको छ । साँवा भुक्तानीको अंश भने यो वर्ष घटेको छ। नेपाली रूपैयाँको अमेरिकी डलरसँगको अधिमूल्यनको कारण नेपाली रूपैयामा साँवा भुक्तानीको अंश घटेको हो ।

### साधन परिचालन

३३. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनाको अवधिमा नेपाल सरकारको कुल साधन परिचालन २५.८ प्रतिशतले वृद्धि भई २०६४ वैशाख मसान्तसम्म रू. ८१ अर्ब ९७ करोड पुगेको छ। अघिल्लो वर्ष कुल साधन ११.७ प्रतिशतले बढेको थियो। राजस्व परिचालन र वैदेशिक अनुदानमा उत्साहजनक वृद्धि भएकोले समीक्षा अवधिमा कुल साधन बढी दरले बढेको हो ।

## सरकारी राजस्व

३४. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनाको अवधिमा नेपाल सरकारको कुल राजस्व २२.५ प्रतिशतले वृद्धि भई २०६४ वैशाख मसान्तसम्म रू.६३ अर्ब ७१ करोड पुगेको छ। अघिल्लो वर्ष राजस्व ०.२ प्रतिशतले घटेको थियो। उच्च भन्सारदर तथा अन्तःशुल्क लागू हुने सवारी साधनहरू तथा पाटपूर्जाको आयात समीक्षा अवधिमा उल्लेख्यरूपमा बढेको कारण भन्सार राजस्व, मूल्य अभिवृद्धि कर राजस्व तथा अन्तःशुल्क राजस्वको वृद्धि दर उच्च रहनुका साथै आयकर राजस्वको वृद्धिदर उल्लेख्य रहेकोले राजस्व परिचालनको वृद्धिदर उत्साहजनक रहेको हो।

**तालिका २**
**राजस्व परिचालन (पहिलो दश महिना)**

| | रकम रू करोडमा | | | प्रतिशत परिवर्तन | | संरचना | |
|---|---|---|---|---|---|---|---|
| | २००४/०५ | २००५/०६ | २००६/०७ | २००५/०६ | २००६/०७ | २००५/०६ | २००६/०७ |
| मूल्य अभिवृद्धि कर | १४३४.८ | १७२२.६ | २०५५.५ | २०.१ | १९.३ | ३३.१ | ३२.३ |
| भन्सार राजस्व | १२४१.४ | ११७४.९ | १३२९.४ | -५.४ | १३.१ | २२.६ | २०.९ |
| आयकर | ७५८.० | ७८२.० | १०३२.६ | ३.२ | ३२.१ | १५.० | १६.२ |
| अन्त शुल्क | ४९५.३ | ४९२.८ | ६७१.६ | -०.५ | ३६.३ | ९.५ | १०.५ |
| घरजगा रजिस्ट्रेशन दस्तुर | १४०.८ | २१०.३ | २११.० | ४९.४ | ०.३ | ४.० | ३.३ |
| सवारी कर | ६८.८ | ६६.६ | ६७.४ | -३.२ | १.३ | १.३ | १.१ |
| गैरकर राजस्व | १०७५.३ | ७५३.२ | १००३.९ | -३०.० | ३३.३ | १४.५ | १५.८ |
| **कुल राजस्व** | **५२१४.४** | **५२०२.४** | **६३७१.४** | **-०.२** | **२२.५** | **१००.०** | **१००.०** |

## वैदेशिक नगद अनुदान

३५. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनासम्म विदेशी नगद अनुदान ६२.४ प्रतिशतले वृद्धि भई रू. १२ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष विदेशी अनुदान ८१.३ प्रतिशतले वृद्धि भएको थियो ।

## बजेट घाटा/बचत स्थिति

३६. आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनासम्मको नगद प्रवाहमा आधारित सरकारी वित्त स्थिति संकुचनकारी रहेको छ। कुल सरकारी खर्चको तुलनामा कुल साधन परिचालनको वृद्धिदर उच्च रहेको कारण यस अवधिमा बजेट बचतमा रहेको हो। चालू आर्थिक वर्षको पहिलो दश महिनासम्म सरकारी बजेट रू.२ अर्ब ८५ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा रू.५ अर्ब ८ करोडले घाटामा थियो।

## न्यून वित्त परिचालन

३७. न्यून वित्त परिचालनको उपायको रूपमा उठाइने आन्तरिक ऋण चालू आर्थिक वर्षको बजेटमा रू १७ अर्ब ९० करोड उठाइने अनुमान गरिएकोमा चालू आर्थिक वर्षको पहिलो दश महिनासम्म रू १० अर्ब ३ करोड परिचालन भएको छ। केही सरकारी ऋणको भुक्तानी र

सरकारको नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दातलाई समेत हिसाब गर्दा नेपाल सरकारको खुद आन्तरिक ऋण समीक्षा अवधिमा ३ अर्ब ६६ करोडले ऋणात्मक रहेको छ।

३८. न्यून वित्त परिचालनको अर्को उपाय, विदेशी नगद ऋण अघिल्लो आर्थिक वर्षको पहिलो दश महिनासम्ममा ६८.९ प्रतिशतले वृद्धि भई रू ३ अर्ब ३ करोड प्राप्त भएकोमा समीक्षा अवधिमा १८.४ प्रतिशतले घटी रू २ अर्ब ४७ करोड मात्र प्राप्त भएको छ।

३९. चालू आर्थिक वर्षको पहिलो दश महिनासम्म नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू १५ अर्ब ७२ करोड नगद बचत कायम रहेको छ।

## वैदेशिक व्यापार र शोधनान्तर स्थिति

४०. आर्थिक वर्ष २०६३/६४ को प्रथम दश महिनामा बाह्य क्षेत्र स्थिति सन्तोषजनक रहेन। बिग्रंदों सुरक्षा स्थिति, बारम्बारको बन्द, लगानीमैत्री वातावरणको कमी तथा लोडसेडिङ्गजस्ता विविध कारणहरूले गर्दा समीक्षा अवधिमा कुल निर्यात ०.३ प्रतिशतले ह्रास भएको छ। अघिल्लो वर्षको प्रथम दश महिनामा कुल निर्यात ३.३ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा भारततर्फको निर्यात १.० प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ३.१ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ८.० प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात ५.६ प्रतिशतले घटेको थियो।

४१. भारततर्फ मुख्यतया धागो, कपडा, जस्ता पाता, एम.एस. पाइप र जुसको निर्यातमा वृद्धि भएको कारण त्यसतर्फको निर्यात केही बढेको हो भने विशेषगरी तयारी पोशाक, पश्मिना, ऊनी गलैंचा, हस्तकलाका सामान र छालाको निर्यातमा कमी आएको कारण अन्य मुलुकतर्फको निर्यातमा ह्रास भएको हो।

४२. आर्थिक वर्ष २०६३/६४ को प्रथम दश महिनामा कुल आयात १०.५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १६.० प्रतिशतले बढेको थियो। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २०.२ प्रतिशतले बढेकोमा यस वर्ष ११.४ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ९.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.० प्रतिशतले वृद्धि भएको छ।

४३. समीक्षा अवधिमा भारतबाट मुख्यतया सवारी साधन तथा पाटपूर्जा, पेट्रोलियम पदार्थ, कोल्ड रोल्ड शीट इन क्वाइल, विद्युतीय सामाग्री र हट रोल्ड शीट इन क्वाइलको आयात बढेको छ भने अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, कम्प्युटर पार्ट्स्, रासायनिक मल र दूरसञ्चारका समाग्रीको आयात उल्लेख्यरूपले वृद्धि भएको छ।

४४. आर्थिक वर्ष २०६३/६४ को प्रथम दश महिनामा कुल रू. ६ अर्ब ८७ करोडको शोधनान्तर बचत भएको छ। यसमध्ये रू. ४ अर्ब ७२ करोड चालु खाता बचत रहेको छ भने बाँकी रू. २ अर्ब १५ करोड पूँजी तथा वित्तीय खाता बचत रहेको छ। अघिल्लो आर्थिक वर्षको प्रथम दश महिनामा रू. २० अर्ब ५० करोड शोधनान्तर बचत भएको थियो भने चालू खातामा रू. १३ अर्ब ४१ करोड बचत भएको थियो। अघिल्लो वर्षभैंं समीक्षा अवधिमा पनि विप्रेषण आप्रवाहमा आएको वृद्धिका कारण चालू खाता बचतमा रहेको हो।

### विदेशी विनिमय सञ्चिति

४५. २०६३ असार मसान्तदेखि २०६४ वैशाख मसान्तसम्ममा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय सञ्चिति ०.३ प्रतिशतले ह्रास भई रू. १ खर्ब ६४ अर्ब ५५ करोड रहेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो सञ्चिति २०.६ प्रतिशतले वृद्धि भएको थियो। कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा भने २०६२ असारदेखि २०६३ वैशाख मसान्तसम्ममा १७.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा १२.४ प्रतिशतले वृद्धि भई

अमेरिकी डलर २ अर्ब ५० करोड पुगेको छ। कुल सञ्चितिमा परिवर्त्य सञ्चितिको अंश २०६३ वैशाख मसान्तमा ९४.१ प्रतिशत रहेकोमा २०६४ वैशाख मसान्तमा ९६.१ प्रतिशत पुगेको छ भने अपरिवर्त्य सञ्चितिको अंश ५.९ प्रतिशतबाट घटेर ३.९ प्रतिशत रहन गएको छ। आर्थिक वर्ष २०६३/६४ को पहिलो दश महिनाको आयातलाई आधारमान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.७ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले सञ्चितिको स्तर सुविधाजनक रहेको छ।

## कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ वैशाख मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ६८.९४ रहेकोमा २०६४ वैशाख मसान्तमा ३.५ प्रतिशतले घटी प्रतिव्यारल अमेरिकी डलर ६६.५१ रहेको छ। त्यस्तै सुनको मूल्य पनि २०६३ वैशाख मसान्तको तुलनामा २०६४ वैशाख मसान्तमा २.८ प्रतिशतले घटी प्रतिआउन्स अमेरिकी डलर ६८७.५० बाट अमेरिकी डलर ६६८.२५ रहन गएको छ।

## विनिमय दर प्रवृत्ति

४७. २०६३ असार मसान्तको तुलनामा २०६४ वैशाख मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १२.७९ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.५५ प्रतिशतले अवमूल्यन भएको थियो। २०६३ वैशाख मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७२.१९ रहेको थियो भने २०६४ वैशाख मसान्तमा उक्त विनिमय दर रू. ६५.७० रहेको छ।